फोन: ०५६-४१०१२२/४१०१११
इमेल: ichchhakamanaruralmun@gmail.com
वेबसाइट: ichchhakamanamun.gov.np

# इच्छाकामना गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कुरिनटार, चितवन
बागमती प्रदेश, नेपाल

प.सं. २०८२/०८३
च.नं.

मिति २०८२/०५/१२

**विषय : दोस्रो पटक करारमा शिक्षक पदपुर्ति सम्बन्धी सूचना।**

यस गाउँपालिकाको मिति:२०८२/०५/१२ को निर्णय अनुसार इच्छाकामना गाउँपालिका करार शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०८०, बमोजिम यस पालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा निम्न अनुसारका रिक्त शिक्षक पदहरुमा पदपुर्तिका लागि योग्यता पुगेका नेपाली नागरिकले तपसिलमा उल्लेख भएको कागजात सहित विज्ञापन प्रकाशन भएको मितिले ७ दिन भित्र यस गाउँपालिकामा आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै सूचना र दरखास्त फाराम यस कार्यालयको वेवसाइट www.ichchhakamanamun.gov.np मा अपलोड गरीएको छ।

| क्र. सं. | विज्ञापन नं | पद/तह | विषय | संख्या | दरवन्दीको प्रकार | विद्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १-०८२/८३ | माध्यमिक शिक्षक तृतीय | विज्ञान | १ | राहत | माझगाउँ मा.वि.-३ | दोस्रो पटक |
| २ | | माध्यमिक शिक्षक तृतीय | विज्ञान | १ | संघीय अनुदान | श्री मा. वि. डुड्रे -६ | |

१. आवश्यक न्यूनतम शैक्षिक योग्यता

क) **विज्ञापन नं. १-०८२/८३** को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।

२. निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु :

क) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु। ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।
ग) शिक्षण अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि। घ) अनुभव बापत अंकका लागी सम्बन्धित तहमा नियुक्ती र सेवा प्रमाणित कागजात पेश गर्नु पर्नेछ।

३. परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता (प्रयोगात्मक आवश्यकता अनुसार) ४. पाठ्यक्रम: शिक्षक सेवा आयोगले तोके बमोजिम।

५. **उमेर: १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।**

६. आवेदन दस्तुर : **Global IME बैंक कुरिनटार शाखामा रहेको आन्तरिक राजश्व खाता १२१०४०१००००००४ वा कार्यालयको राजश्व शाखामा मा.वि. तह रु. १०००/- दाखिला गर्नुपर्नेछ।**

७. सूचना प्रकाशन मिति:२०८२/०५/ १२ र दरखास्त दिने **अन्तिम मिति:२०८२/०५/१८** गते कार्यालय समय भित्र।

८. सम्पर्क मितिः **२०८२/०५/ १९** गते। परीक्षा: सम्पर्क मितिमा तोकिनेछ।

९. तलव स्केल: नियमानुसार।

१०. सम्पर्क फोन नं ९८४८४८००२१ (कार्यालय समय भित्र मात्र।)

११. रित नपुगेको वा म्याद नाघी आएको निवेदन उपर कुनै कारवाही गरिने छैन।

१२. विज्ञापनको विस्तृत विवरण पालिकाको वेवसाइटमा मिति:२०८२/०५/१२ गते अपलोड गरिएको छ।

**नोट: उपर्युक्त विज्ञापनबाट छनौट भएका उम्मेदवारहरुलाई योग्यताक्रमका आधारमा पदस्थापन गरिनेछ। उम्मेदवारहरुको योग्यताक्रम सहितको नामावली प्रकाशन गरी पालिका अन्तर्गत विद्यालयहरुमा रिक्त हुन आउने करार, राहत र गा.पा. अनुदान कोटामा क्रमशः पदस्थापन गरिनेछ।**

बोधार्थ: सूचना प्रविधि अधिकृत गा.पा. को website मा अपलोड गर्नुहुन।

प्रमुख प्रशासकीय अधिकृत

"सुखी, खुशी र समृद्ध इच्छाकामना ! कृषि, पर्यटन र पूर्वाधार विकास हाम्रो चाहना !! "